युनेस्को
नेपाल
राष्ट्रिय आयोग

# युनेस्को आयोग बुलेटिन

वर्ष ५२ अंक एक असार २०८२

Year 52 Edition 1 JULY 2025

# पृष्ठभूमि

दोस्रो विश्व युद्धपश्चात् विश्वलाई आपसी शान्ति, मैत्री, विश्वबन्धुत्व, सहअस्तित्व र विकासको माध्यमबाट समुन्नत गर्ने अभिप्रायले स्थापित संयुक्त राष्ट्र सङ्घको बहुआयामिक पहलमध्ये विश्व शान्तिमा शिक्षा, विज्ञान, संस्कृति, सञ्चार र सामाजिक तथा मानवीय क्षेत्रमा अनुसन्धान, सशक्तीकरण र विकास गर्ने उद्देश्यसहित स्थापित युनेस्को (UNESCO–United Nations Educational, Scientific and Cultural Organization) संयुक्त राष्ट्र सङ्घको एउटा विशिष्टिकृत सङ्गठन हो । यसको स्थापना सन् १९४५ नोभेम्बर १६ मा भएको हो । युनेस्कोका आदर्श तथा मान्यतालाई अंगीकार गरी नेपालले सन् १९५३ मा युनेस्कोको सदस्यता लिएको हो । युनेस्कोका प्रत्येक सदस्य राष्ट्रले आफ्नो देशमा राष्ट्रिय आयोग गठन गरी सोही आयोग मार्फत सरकार र युनेस्को बीच सञ्चार तथा समन्वय गर्ने गराउने, युनेस्कोबाट सदस्य राष्ट्रले प्राप्त गर्ने सहयोगमा अभिवृद्धि गर्ने गराउने कार्यका साथै युनेस्को सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्ने गर्दछन् । नेपाल पनि उक्त सङ्गठनको सदस्य राष्ट्र भएकाले उपर्युक्त कार्य गर्न युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको स्थापना भएको हो । युनेस्कोको प्रधान कार्यालयसँग समन्वय गरी युनेस्को सम्बद्ध कार्यहरूलाई सहजता प्रदान गर्न पेरिसस्थित नेपाली राजदूतावासलाई नेपाल सरकारको स्थायी प्रतिनिधिका रूपमा कार्य गर्न तोकिएको छ ।

नेपालले विक्रम सम्वत २०११ साल साउन सात गतेको नेपाल सरकारको निर्णय बमोजिम युनेस्कोका निमित्त अन्तरिम आयोगको रूपमा काम गर्न सुरु गरेको थियो । सोही अन्तरिम आयोग २०२० साल देखि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगमा परिणत भई हालसम्म निरन्तर रूपमा क्रियाशील छ । युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधान २०३१ (नवौं संशोधन) ले गरेको व्यवस्था अनुसार युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको अध्यक्षता शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय मन्त्रीज्यू र महासचिवको भूमिकामा सोही मन्त्रालयका शिक्षा तर्फका सचिव रहने व्यवस्था छ । युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगमा ६३ जना सदस्य रहने र कार्यकारिणी समितिमा १२ जना सदस्य रहने व्यवस्था छ । आयोगको कार्य सम्पादनका लागि एउटा छुट्टै सचिवालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको छ ।

आयोग अन्तर्गत पाँच विषय समितिहरू शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार र सामजिक समिति रहने व्यवस्था छ भने दुई वटा विशेष समितिहरू मानव तथा जीवमण्डल (Man and Biosphere) र अन्तरसरकारी जलविज्ञान समिति (Intergovernmental Hydrological Programme) रहेका छन् ।

आयोगले युनेस्कोको विधान तथा नेपाल सरकारको नीति निर्देशन अनुसार क्षमता विकास, पैरवी, सामाजिक परिचालन, सहजीकरण, नियमन, अनुगमन, प्रतिवेदन लगायतका कार्यहरू सञ्चालन गर्ने गर्दछ ।

युनेस्कोका कार्यक्रम तथा गतिविधिहरूलाई स्थानीय तह तथा समुदाय सम्म पुर्याउन र प्रचारप्रसार गर्न आयोगको सचिवालय अन्तर्गत युनेस्को क्लब र तथा क्लबहरूको महासङ्घ क्रियाशील रहेको छ । त्यसै गरी युनेस्कोका गतिविधिहरूलाई विद्यालय सम्म पुऱ्याउनका लागि विद्यालय सम्बद्ध परियोजन सञ्जाल (Associated School Project Network) रहेको छ । युनेस्को आयोगका सबै संयन्त्रको प्रभावकारी परिचलानबाट युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग आयोगले युनेस्कोका आदर्श एवम् मूल्यलाई प्रचारप्रसारका क्षेत्रमा उल्लेखनीय कार्य गर्न सक्षम हुनेमा दुई मत नहोला ।

# प्रकाशकीय

युनेस्काका निमित्त नेपाल राष्ट्रिय आयोगले गर्ने धरै कार्यहरूलाई विधान बमोजिम सचिवालय मार्फत नेपाल सरकारले वार्षिक रूपमा उपलब्ध गराउने एकमुष्ट अनुदान रकमबाट विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सचिवालयले युनेस्को पेरिसको सहभागितामूलक कार्यक्रम अन्तर्गत द्वैवार्षिक रूपमा विभिन्न परियोजना सञ्चालनका लागि पेरिसबाट प्राप्त हुने सहयोग परिचालन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन लगायतका कार्यहरू गर्दै आएको छ । प्रत्येक दुई-दुई वर्षमा युनेस्कोको महासभा युनेस्को प्रधान कार्यालय पेरिसमा सञ्चालन हुने व्यवस्था छ । सदस्य राष्ट्रहरूले उक्त महासभामा भाग लिने गर्दछन् । सचिवालयले एएसपी नेट सम्बद्ध विद्यालय, युनेस्को क्लब तथा सङ्घसंस्थाहरूको महासङ्घ, विभिन्न गैरसरकारी संस्था, अन्य राष्ट्रका राष्ट्रिय आयोगहरू, युनेस्कोको क्षेत्रीय व्यूरो र देशीय कार्यालय, युनेस्को आवद्ध अन्तर्राष्ट्रिय र क्षेत्रीय संस्थाहरूसँग सहकार्य गरी युनेस्को सम्बद्ध विविध कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ ।

आयोगले राष्ट्रिय क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क, समन्वय परामर्श लगायतका भुमिका निर्वाह गर्दै सदस्य राष्ट्रको हैसियतले युनेस्कोका आदर्श र कार्यक्रमहरूलाई मुलुक भरि प्रचारप्रसार गरी सबै सरोकारवालाहरू लगायत सर्वसाधारण जनताको समर्थन र सहयोग प्राप्त गर्नु आयोगको कर्तब्य हो । सदस्य राष्ट्रबीच शौहार्दपूर्ण सम्बन्ध स्थापना गर्ने, युनेस्कोका कार्यक्षेत्रसँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सल्लाह तथा सुझाव दिने, युनेस्कोका मूल्य र कार्यक्रमहरूको प्रचार प्रसार गरी समुदायस्रमा पुऱ्याउने, युनेस्को महाअधिवेशनमा समुदायस्तरमा सहभागिता जनाउने प्रतिनिधि मण्डललाई आवश्यक सरसल्लाह दिने, युनेस्कोले पारित गरेका प्रस्तावको कार्यावन्यन गर्ने गराउने कार्य पनि गर्दछ ।

युनेस्कोले अघि सारेका समसामियक एवम् वैश्विक स्तरको चासो एवम् नव प्रवर्द्धनात्मक विषयहरूलाई अन्तर्कृया, तालिम, गोष्ठि, सेमिनार र कार्यशालाका माध्यमबाट समुदायस्तरसम्म सूचना तथा सन्देश प्रवाह गर्दै आएको छ । सरोकारवाला निकाय र सङ्घ संस्थासँगको समन्वय र साझेदारीमा र सचिवालय स्वयंले पनि कार्यक्रम सञ्चालन गर्दछ । आयोग अन्तर्गत कृयाशील पाँचवटा विषय समितिहरू शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार र सामजिक समिति र दुई वटा विशेष समितिहरू मानव तथा जीवमण्डल (Man and Biosphere) र अन्तरसरकारी जलविज्ञान समिति (Intergovermental Hydrological Programmme) ले पनि कार्यशाला अन्तरक्रिया, तालिम, गोष्ठि, सेमिनार सञ्चालन गरी सरोकारवालाहरूलाई सम्बन्धित विषयमा सचेत एवम् शिक्षित गराएका छन् । आयोग अन्तर्गत रहने एएसपी नेट सम्बद्ध विद्यालय, युनेस्को क्लब तथा सङ्घसंस्थाहरूको महासङ्घले पनि, विभिन्न गैरसरकारी संस्था, अन्य राष्ट्रका राष्ट्रिय आयोगहरू, युनेस्कोको क्षेत्रीय संस्थाहरूसँग सहकार्य गरी युनेस्को सम्बद्ध विविध कार्यक्रमहरू सञ्चालन गरेका छन् । विश्वमा शान्ति, मैत्री, भातृत्व, आपसी, सदभाव, सहअस्तित्व, सहनशीलता, सहकार्य तथा मानव अधिकारको सम्मान,सामाजिक न्याय र समावेशीकरण, तथा स्रोतहरूको न्यायोचित वितरण नवप्रर्वतन र सृजनशीलताद्वारा शान्ति, दिगो विकास लगायतका युनेस्कोको आदर्शलाई युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगले नीतिगत तहदेखी समुदायस्तरसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

यस बुलेटिनमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग र आयोगसम्बद्ध निकायसँगको सहकार्यमा सञ्चालित कार्यक्रमहरूको सार संक्षेप प्रस्तुत गरिएको छ । बुलेटिनमा समावेश गरिएका कार्यहरूको समाचारमूलक गतिविधिहरूबाट आयोग र आयोगको सचिवालयबाट सम्पादन भएका कार्यहरू सरोकारवालहरू समक्ष पुग्ने विश्वास गरिएको छ ।

# वार्षिक गतिविधि

## खण्ड क

## आयोग तथा सचिवालय गतिविधि

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगले आर्थिक वर्ष २०८१/८२ मा शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार र सामाजिक तथा खेलकुद विषय क्षेत्रसँग सम्बन्धित रही विभिन्न जिल्लामा नेपाल सरकारबाट प्राप्त अनुदान तथा वैदेशिक स्रोतबाट विभिन्न शैक्षिक तथा सचेतनामूलक कार्यक्रमहरू आयोजना गरेको छ । उल्लिखित कार्यक्रम तथा प्रगतिको सार देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### १. विज्ञान तथा प्रविधिसाग सम्बन्धित बाल प्रतिभा खोजी कार्यक्रम

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको बार्षिक कार्यक्रम मध्ये पहिलो त्रैमासिकमा निर्धारित कार्यक्रम अनुसार मधेश प्रदेश, सर्लाही जिल्लाको बलरा नगरपालिकासँगको सहकार्यमा तोकिएका लक्ष्यहरू प्राप्त हुने गरी विज्ञान तथा प्रविधिसँग सम्बन्धित बाल प्रतिभा खोजी एवम् विज्ञान प्रदर्शनी मेला २०८१ को आयोजन, व्यवस्थापन तथा मूल्याङ्कनको लागि युनेस्को सचिवालय, बलरा नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाई, सर्लाहीको संयुक्त उपस्थितिमा कार्य योजना तयार गरिएको थियो । कार्य योजना अनुसार बालबालिकामा वैज्ञानिक दृष्टिकोण र परियोजना निर्माण क्षमताको विकास गराई विज्ञान तथा प्रविधिको क्षेत्रमा बाल प्रतिभा खोजी गर्ने र बालबालिकालाई विज्ञान शिक्षण सिकाइमा रूचि जागृत गराउने उद्देश्यले मिति २०८१ मङ्सिर १८ र १९ गते सर्लाहीको बलरामा विज्ञान तथा प्रविधिसँग सम्बन्धित बाल प्रतिभा खोजी कार्यक्रम आयोजना गरिएको थियो ।

उल्लिखित कार्यक्रम बलरा नगरपालिकाका नगर प्रमुख श्री रमाशंकर कुशवाहाज्यूको अध्यक्षता आयोजना गरिएको थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराईज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रमको उद्घाटन सम्पन्न गरिएको थियो । राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक तथा नेपाली वैज्ञानिक महाविर पुनज्यूको प्रमुख आतिथ्यतामा समापन समारोह सम्पन्न हुने गरी विज्ञान तथा प्रविधिको प्र्रदशनी सञ्चालन गरिएको थियो ।

उक्त विज्ञान तथा प्रविधि प्रदर्शनी मेलाको विशिष्ट अतिथिको रूपमा सङ्घीय सासंद माननीय हरीप्रसाद उप्रेतिज्यू, माननीय मिना देवी यादवज्यू, निवर्तमान माननीय श्री शिवपूजन रायज्यू, मधेश प्रदेश श्रम तथा यातायात मन्त्री माननीय कौशल किशोर रायज्यू, जिल्ला समन्वय समितिका प्रमुख श्री कौशल किशोर सिंहज्यू, मधेश प्रदेशका शिक्षा निर्देशक श्री ठुलोबाबु दहाल, मधेश प्रदेशका आठ ओटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखज्यूहरूको सहभागिता थियो । बाल प्रतिभा खोजी एवम् विज्ञान प्रदर्शनी मेलामा सर्लाही जिल्लाका सम्पूर्ण सामुदायिक र संस्थागत आधारभूत तथा माध्यमिक विद्यालयका प्रधानाध्यापकज्यूहरू, विज्ञान शिक्षकहरू, परियोजना निर्माणमा सहभागी १७० विद्यार्थीहरू तथा मेला अवलोकन गर्न आएका हजारौ छात्र छात्रा एवम् अभिभावकहरूले उत्साहजनक रूपमा दुई दिनसम्म सहभागिता जनाएका थिए । कार्यक्रमको उद्घाटन शिक्षा विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराईज्यूले गर्नु भएको थियो । शिक्षा विकास तथा समन्वय इकाई प्रमुख अतिथिको रूपमा रहनु भएको थियो । कार्यक्रममा सर्लाही जिल्लाका स्थानीय तहका प्रमुखहरू, शैक्षिक संस्थाका प्रमुख एवम् पदाधिकारीहरू, सामुदायिक र संस्थागत एवम् परम्परागत धार्मिक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी एवम् शिक्षक, विद्यार्थी सहित करिव १५०० जनाको उपस्थिति रहेको थियो । प्रतियोगितामा ५२ ओटा विद्यालयबाट १७० जनाको सहभागिता रहेको थियो । प्रतियोगितामा आधारभूत तथा माध्यमिक तहका विद्यार्थीले ८० वटा विज्ञान सम्बन्धी परियोजना प्रदर्शन गरेका थिए । प्रदर्शनीमा आधारभूत तहमा प्रथम स्थान हासिल गर्ने श्री जनज्योति नमूना माध्यमिक विद्यालय लालवन्दीलाई रू १५,००० दोस्रो स्थान हासिल गर्ने श्री पाँच महेन्द्र जनता माध्यमिक विद्यालय कर्मैया लाई रू १०,०००, तेस्रो स्थान हासिल गर्ने श्री सगरमाथा आधारभूत विद्यालय मलङ्गवालाई रू ७,००० र श्री कृष्ण देवी जनता माध्यमिक विद्यालय मलङ्वा तथा श्री नव जागरण माध्यमिक विद्यालय बागमतीलाई शान्त्वना पुरस्कार स्वरूप रू ४,००० नगद पुरस्कार प्रदान गरिएको थियो।त्यसै गरी माध्यमिक तर्फ प्रथम स्थान हासिल गर्ने श्री लाली गुराँस एकेडेमीलाई रू ३०,०००, दोस्रो स्थान हासिल गर्ने श्री जनता माध्यमिक विद्यालय कौडेनालाई रू २५,००० तेस्रो स्थान हासिल गर्ने श्री चक्र जनता शहिद जनता माध्यमिक विद्यालय बरहथवालाई रू २०,००० तथा सान्त्वना पुरस्कार स्वरूप नगद पुरस्कार प्रदान गरिएको थियो ।

## कार्यक्रमका केही झलकहरू













## कार्यक्रम सम्बन्धी पत्रपत्रिकामा प्रकाशित सामग्री



मधेश पोष्ट



मधेश पोष्ट

## २. विद्यालयमा दिगो विकास लक्ष्य प्राप्तिमा भए गरेका क्रियाकलापहरूको लेखाजोखा तथा स्थानीय तहमा राष्ट्रिय कार्यढाचाको कार्यान्वयन र प्रगति अवस्थाको समीक्षा

दिगो विकासका १७ वटै लक्ष्यहरूको प्रवोधीकरण गर्ने, दिगो विकास लक्ष्यहरूमध्ये चौथो लक्ष्यको मध्यावधि प्रगति समीक्षा गर्ने र जिल्ला तथा सम्बन्धित स्थानीय तहको योजनामा दिगो विकास लक्ष्यलाई समावेश गर्न अभिप्रेरित गर्ने उद्देश्यले यस आर्थिक वर्षमा "विद्यालयमा दिगो विकास लक्ष्य प्राप्तिमा भएगरेका क्रियाकलापहरूको लेखाजोखा तथा स्थानीय तहमा राष्ट्रिय कार्यढाँचाको कार्यान्वयन र प्रगति अवस्था" विषयक कार्यक्रम सञ्चालन गरिएको छ । पहिलो त्रैमासिकमा भक्तपुर तथा पाँचथर जिल्लामा सञ्चालन गरी आरम्भ गरिएको यस कार्यक्रमलाई दोस्रो त्रैमासिकमा तेह्रथुम, तनहुँ, स्याङ्जा ओखलढुङ्गा, जिल्लाममा तेस्रो त्रैमासिकमा गुल्मी, बारा, डडेल्धुरा, रसुवा र चौथो त्रैमासिकमा सोलुखुम्बु, अर्घाखाँची र बाजुरा जिल्लामा सञ्चालन गरिएको थियो । कार्यक्रममा शिक्षक, विद्यार्थी, स्थानीय जनप्रतिनिधि, पत्रकार लगायतका ३९० भन्दा बढी सहभागी भएका थिए । यस कार्यक्रमबाट दिगो विकास लक्ष्यहरूको प्रचार भएको, दिगो विकास लक्ष्य विशेषतः गुणस्तरीय शिक्षासम्बन्धी मध्यावधि समीक्षाको अवस्था प्रस्तुत गरी सम्बन्धित स्थानीय तह र जिल्ला तहको प्रगतिसँग तुलना गरिएको, जिल्ला र स्थानीय तहलाई गुणस्तरीय शिक्षाको सूचक पूरा गर्ने गरी वार्षिक योजनामा समावेश गर्न प्रेरित गरिएको विश्वास आयोगको सचिवालयले गरेको छ । कार्यक्रममा दिगो विकासका १७ वटै लक्ष्य प्राप्तिमा स्थानीय तहहरूको भूमिकाका सम्बन्धमा पनि छलफल गरिएको थियो । साथै विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकको भूमिकाका सम्बन्धमा पनि जानकारी गराइएको थियो ।

### कार्यक्रमका केही झलकहरू













## ३. मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण तथा सम्वर्द्धन

मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको महत्व बोध गराउने उद्देश्यले पाँचथर जिल्लामा मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण तथा सम्वर्द्धन कार्यक्रम सम्पन्न गरिएको थियो । सो कार्यक्रमको पहिलो दिन सांस्कृतिक सम्पदाको महत्त्व र मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण किन र कसरी भन्ने विषयमा अन्तरक्रिया गरिएको थियो । कार्यक्रममा ३० जना सरोकारवालाहरूको सहभागिता रहेको उक्त कार्यक्रमा प्रमुख अतिथिको रूपमा जिल्ला समन्वय समितिका सभापतिको उपस्थिति थियो । पाँचथर जिल्लाका मुख्य सांस्कृतिक स्थल जस्तै- थाक्ले मन्दिरको महत्व तथा राष्ट्रिय विभुति फाल्गुनन्द लिङ्देनका योगदानका विषयमा छलफल गरिएको थियो । फाल्गुनन्दले भाषा, लिपि, संस्कृति, शिक्षा, समाज सुधार तथा किराँत धर्मको उत्थान तथा संरक्षणको निमित्त ठूलो योगदान दिएका र महागुरू फाल्गुनन्दका आदर्शलाई सबैले अवलम्वन गर्नु पर्नेमा सहभागीहरूले जोड दिएका थिए । पाँचथर जिल्लाका मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरी विश्वमाझ चिनाउनु पर्नेमा सहभागीहरूले जोड दिएका थिए ।

## ४. परम्परागत खेलकुद प्रवर्धन कार्यक्रम

परम्परागत खेलकुदको प्रचार प्रसार विकास एवम् प्रवर्द्धन गर्ने र परम्परागत खेलकुदको माध्यमबाट साँस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धनमा सहयोग गर्ने उद्देश्यले यस सचिवालयले महोत्तरी जिल्लामा उक्त कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रमको पहिलो दिन कार्य्रकम सम्बन्धी छलफल गरिएको थियो । छलफल कार्य्रममा २५ जनाको सहभागिता थियो । सहभागी संख्या सहजकर्ता, टिप्पणीकर्ता, आयोजक, अन्तरक्रियाका सहभागी र खेलकुदका सहभागी तथा संयोजक, सहयोगी गरेर जम्मा ११५ जनाको संलग्नतामा खेलकुद कार्यक्रम सम्पन्न भएको थियो ।

खेलकुद आयोजना हुनु अघि नै श्री महोत्तरी गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा ६ सदस्यीय खेलकुद व्यवस्थापन समिति गठन गरिएको थियो । समितिका सदस्य र साझेदारहरूबाट निश्चित मापदण्ड विकास गरेर सहभागीहरू छनोट गरिएको थियो । उक्त समितिले बजेटलाई समेत मध्यनजर गरी सहभागी संख्या, स्थान निर्धारण र खेलाडी छनोट सम्पन्न गरिसकेको थियो भने नि.मा.वि. पर्सा रघुनाथका वि.व्य.स. का अध्यक्ष श्री जयचन्द्र ठाकुर सम्मिलित तीन सदस्यीय मूल्याङ्कन समितिसमेत गठन गरेको थियो । कार्यक्रममा रिले दौड र कबड्डी प्रतियोगिता आयोजना गरिएको थियो । कार्यक्रम प्रभावकारी रहेको र यसबाट परम्परागत खेलकुदको महत्त्व समुदायस्तरमा प्रचार प्रसार हुन गई यसको संरक्षणका लागि जागरण ल्याएको विचार प्रकट गर्नुभएको थियो । परम्परागत खेलकुद प्रवर्द्धन कार्यक्रमले समग्र विद्यार्थीको हौसला बढाउन मद्दत गरेको भनाई वक्ताहरूको रहेको थियो । त्यसै गरी परम्परागत खेलकुदको बारेमा जान्ने मौका मिलेको, परम्परागत खेलकुदलाई प्रचार प्रसार एवम् प्रतियोगितात्मक कार्यक्रमको सञ्चालन गरी खेलाडीहरूमा रहेको सिप, कला उजागर गर्न मद्दत गरेको थियो । यस कार्यक्रमबाट युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले अमूर्त सम्पदाको रूपमा रहेको नेपाली मौलिक खेलकुदको जगेर्ना गर्न र पुराना पुस्ताबाट नयाँ पुस्ताले धेरै कुरा सिक्न सक्छन् भन्ने सन्देश एकसाथ समुदायमा प्रवाह भएको विश्वास लिएको छ ।

### कार्यक्रमका केही झलकहरू









## ५. सांस्कृतिक सम्पदा भौतिक अभौतिक संरक्षणमा युवा अभियान

सांस्कृतिक सम्पदाको महत्व बोध गराउनु, सांस्कृतिक सम्पदाको संरक्षणमा युवाहरूलाई परिचालन गर्नु तथा पाका पुस्ता र नयाँ पुस्तालाई सांस्कृतिक संरक्षण अभियानमा एकसाथ प्रस्तुत गरेर सिकाइ र संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले युनेस्को आयोगको सचिवालयले "सांस्कृतिक सम्पदा भौतिक अभौतिक संरक्षणमा युवा अभियान" नामक कार्यक्रम देशमा विभिन्न भागहरूमा सञ्चालन गरेको छ । पहिलो त्रैमासिक अवधिमा पाँचथर जिल्लामा, दोस्रो त्रैमासिक अवधिमा गोरखा तथा तेस्रो त्रैमासिक अवधिमा भोजपुर र कालीकोट गरी चार वटा जिल्लामा यी कार्यक्रमहरू सम्पन्न भएका छन् । पाँचथर, गोरखा, भोजपुर र कालीकोटमा क्रमशः २५ २७, २८ र २८ जना गरी कुल ९८ जना सहभागी भएका यस कार्यक्रमलाई प्रसिद्ध सांस्कृतिक सम्पदाको काखमा व्यवहारिक उदाहरण र दृश्यसहित प्रस्तुत गरिँदा यसको उद्देश्य पूरा गर्न थप मद्दत मिलेको सहभागीहरूको धारणा रहेको छ । यस कार्यक्रमबाट सांस्कृतिक सम्पदा संरक्षणमा युवा र सरोकारवालाहरूको चासो बढेको, स्थानीय सरकारले योजनामा समेत यसलाई थप सशक्त ढङ्गले अघि बढाउने कुरा गरेको र विद्यालय क्याम्पसहरूले यस विषयलाई शैक्षिक क्रियाकलापको रूपमा सञ्चालन गर्ने मौखिक प्रतिबद्धता जनाएको पाइनुले यसको महत्त्व तथा उपयोगिता व्यवहारिक रूपमा नै पुष्टि भएको अनुभव गरिएको छ ।



## ६. सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि

सामुदायिक सिकाइ केन्द्रका पदाधिकारीको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु तथा युनेस्कोका विषयवस्तुहरूलाई सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा प्रचार गर्ने उद्देश्यले आयोजित 'सामुदायिक सिकाई केन्द्रको क्षमता अभिवृद्धि' कार्यक्रम इलाम जिल्लाको सुर्योदय नगरपालिकामा सम्पन्न भएको थियो। कार्यक्रममा सातवटा सिकाइ केन्द्रका पदाधिकारी, परिचालक तथा जनप्रतिनिधिहरूसमेत गरी २६ जनाको सहभागिता थियो। कार्यक्रम २०८१ चैत्र २५ गतेदेखि २७ गतेसम्म सञ्चालन गरिएको थियो

कार्यक्रमको उद्घाटन गर्दै सुर्योदय नगरपालिकाका प्रमुख रणवहादुर राईले यस प्रकारका कार्यक्रमबाट सामुदायिक केन्द्रका पदाधिकारीको क्षमता अभिवृद्धि हुन गई शैक्षिक तथा चेतनामूलक कार्यहरूमा स्थानीय सरकारलाई बल पुग्ने भएकाले कार्यक्रम आयोजक युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयलाई धन्यवाद व्यक्त गर्नुभएको थियो। कार्यक्रमबाट सामुदायिक सिकाई केन्द्रका पदाधिकारी, स्थानीय जनप्रतिनिधि र स्थानीय तहका शिक्षा शाखाका कर्मचारीहरूले सामुदायिक सिकाई केन्द्रसम्बन्धी नीतिगत कानुनी तथा व्यवस्थापकीय पक्षमा बोध भएको जानकारी गराउनु भएको थियो । सो कार्यक्रममा काका सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष डा. कमलेश्वर सिन्हाले दुई वटा सत्रमा सहजीकरण गर्नु भएको थियो । यस्तै सचिवालयका सहायक महासचिव रामेश्वर प्रसाद यादवले सामुदायिक सिकाई केन्द्रका सफलताका आधारहरू प्रस्तुत गर्नु भएको थियो।





## ७. भूमण्डलीय नागरिक शिक्षा एवम् जलवायु परिवर्तन र प्राकृतिक प्रकोप सचेतना कार्यक्रम

जलवायु परिवर्तन र प्राकृतिक प्रकोप र त्यसको असरका सम्बन्धमा स्थानीय तहसम्म सचेतना अभिबृद्धी गर्ने, भूमण्डलीय नागरिक शिक्षासम्बन्धी आधारभूत धारणाका साथ चेतना अभिबृद्धी गर्ने उद्देश्यले सञ्चालित दुई दिवसीय कार्यक्रमहरू स्याङ्जा, दोलखा, बागलुङ, जाजरकोट र काभ्रेपलाञ्चोक जिल्लामा सम्पन्न गरिएको थियो । यी कार्यक्रमहरूमा क्रमशः २९, ३०, ३० र ३० जनाको सक्रिय सहभागिता रहेको थियो । विद्यालयका प्रधानाध्यापक, सामाजिक, विज्ञान विषयका शिक्षक, विद्यालय व्यवस्थापन समिति, माध्यमिक तहमा विद्यार्थी, स्थानीय क्याम्पसका शिक्षक, यस क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संस्था तथा पत्रकार आदिलाई सहभागी गराइएको यस कार्यक्रमबाट विश्वको समसामयिक मुद्दाको रूपमा उठेको जलवायु परिवर्तन तथा भूमण्डलीय नागरिक शिक्षाको सिकाइसँगको अन्तरसम्बन्ध र नागरिक सचेतनाका लागि विद्यालय तथा समुदायले गर्नुपर्ने भूमिकाका विषयमा गहन छलफल गरिएको थियो ।

## ८. नैतिक शिक्षा कार्यक्रम

युनेस्को सचिवालयले आरिगातो इन्टरनेसनलको आर्थिक तथा प्रविधिक सहयोगमा वैश्विक नागरिक र समावेशी तथा शान्तिपूर्ण समाज निर्माणका लागि नैतिक शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । यस नैतिक शिक्षा कार्यक्रमले विशेषतः विश्वव्यापी नागरिक तथा शान्तिपूर्ण र समावेशी समाज निर्माणमा सहयोग पुग्ने अभिप्रायका साथ शिक्षण सिकाई क्रियाकलापमा नैतिक मूल्य र मान्यता अङ्गिकार गर्ने गरी कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । शिक्षण सिकाई क्रियाकलाप सञ्चालनका क्रममा शिक्षकबाट अबलम्बन गरिने शिक्षण विधि र गतिविधिबाट नैतिक मूल्य मान्यताको प्रवर्धन गर्न सघाउ पुऱ्याउने उद्देश्यले महोत्तरीको बर्दिबासमा मङ्सिर २४ गते सिन्धुली, सर्लाही र सुनसरी जिल्लाका २१ वटा विद्यालयका प्रधानअध्यापकको अभिमुखीकरण र २५ गते देखि २९ गतेसम्म सोही विद्यालयका सामाजिक अध्ययन र मानव मूल्य शिक्षा विषय अध्यपन गर्ने शिक्षकका लागि तालिम सञ्चालनमा गरिएको थियो । कार्यक्रमको अभिमुखीकरण तथा तालिममा ५० जनाको सहभागिता थियो । कक्षा चार देखि १२ सम्मका विद्यार्थीलाई नैतिक मूल्य र मान्यता सम्बद्ध ज्ञान, सिप तथा अभिवृत्ति विकासका लागि





अन्तरसम्बन्धित विषयवस्तुका साथै विशेषतः सामाजिक तथा मानव मूल्य शिक्षाका पाठ्यक्रममा आवश्यक विषयवस्तु र शिक्षण सहजीकरण कार्यमा समायोजन गर्ने प्रयास गरिएको थियो । सामाजिक अध्ययन विषयमा नैतिक शिक्षा सम्बन्धी विषयवस्तु समावेश गर्ने सम्बन्धमा पाठ्यक्रम विकास केन्द्रसँग छलफल तथा अन्तरक्रिया पनि सञ्चालन गरिएको थियो । परियोजना कार्यान्वयनका लागि पाठ्यवस्तुका साथै शिक्षक सहयोगी पुस्तिका एवम् शिक्षक सन्दर्भ सामग्री पनि विकास गरिएको थियो । तालिम प्राप्त शिक्षकले आ–आफ्ना विद्यालयमा कक्षा आठका विद्यार्थीलाई केन्द्रीत गरी कार्यान्वयन गर्न लगाइएको थियो । नैतिक शिक्षा कार्यक्रम सम्बन्धी परियोजना कार्यान्वयन गर्ने क्रममा शान्ति क्लब गठन, नैतिक शिक्षा सम्बन्धी पाठ्यक्रगत र अतिरिक्त कृयाकलाप सञ्चालन अन्तरधार्मिक एवम् अन्तरसाँस्कृतिक स्थल अवलोकन तथा सामुदायिक कृयाकलापमा बालबालिकालाई सहभागी गराइएको थियो । यस कार्यक्रम र सोसँग सम्बन्धित परियोजनाबाट बालबालिकामा नैतिक मूल्य, भाइचारा, सहअस्तित्व एवम् शान्तिमा आधारित संस्कृतिको विकास भएको अपेक्षा गरिएको छ ।

## कार्यक्रमका केही झलकहरू









## ९. सामाजिक मूल्य मान्यता सम्बद्ध पुराना तथा नयाा पुस्ताबीच ज्ञान, सिप, प्रविधि तथा कलाको अनुभव आदानप्रदान कार्यक्रम

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले नयाँ तथा पुराना पुस्ता बीच आवश्यकता अनुसार विविध पक्षहरू हस्तान्तरण गर्न सम्बन्धित पुस्ताहरूलाई संलग्न गराई छलफल, अन्तरक्रिया, अनुभव आदानप्रदानका माध्यमबाट एक अर्कालाई सिकाइ, ज्ञान, कला, प्रविधिको हस्तारणको माध्यम, संयोजन तथा सहकार्य गराउने उद्देश्यले सामाजिक मूल्य मान्यता सम्बद्ध पुराना तथा नयाँ पुस्ताबीच ज्ञान, सिप, प्रविधि तथा कलाको अनुभव आदानप्रदान कार्यक्रम" गोरखा, पर्सा, डडेल्धुरा, पाँचथर र काभ्रेपलाञ्चोक जिल्लामा विभिन्न समयावधिमा सम्पन्न गरिएको छ । कार्यक्रममा ९० वढी सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

सामाजिक मूल्य तथा मान्यताको महत्त्वका विषयमा चर्चा गर्नु, समाजमा पाका पुस्ताहरूको महत्त्व बोध गराउनु, नयाँ पुस्ता र पाका पुस्ताबीचको सम्बन्ध र आवश्यकता बोध गराउनु, पाका पुस्ताहरूमा मनोबल बढाउन सहयोग पुर्‍याउने अपेक्षा युनेस्को आयोगको सचिवालयले गरेको छ ।

जेष्ठ नागरिकमा रहेको ज्ञान, सिप र अनुभवको महत्व उल्लेख गर्दै उक्त ज्ञान, सिप र अनुभवलाई पुस्तान्तरण गर्ने विषयमा काम भने कम मात्रमा पहल भएको सहभागीहरूले उल्लेख गरेका थिए । राज्यको तर्फबाट पुस्तान्तरण सम्बन्धी नीति निर्माणमा जोड दिनुपर्नेमा सहभागीहरूले जोड दिएका थिए । पुस्तान्तरण सम्बन्धी कार्यक्रम गर्न विगत केही बर्षदेखि राज्यले बजेटको व्यवस्था समेत गर्दै आएको छ । बजेट व्यवस्थापनलाई प्रभावकारी रूपमा सरोकारवाला पक्षहरूबीच पुर्याउन विशेष पहलसमेत हुनुपर्ने देखिन्छ । कार्यक्रमबाट नयाँ र पुराना पुस्ताबीच सम्बन्ध बढाउनु पर्ने महत्वका विषयमा चेतना अभिवृद्धि भएको, पाका पुस्ताले सम्मान महसुस गरेको, नयाँ पुस्तामा पाका पुस्ताप्रति मान सम्मान गर्ने विषयले स्थान पाएको र सोही अनुसार मौखिक प्रतिवद्धता आएको, विद्यालय र स्थानीय तहले यस विषयमा आवश्यक कार्य गर्ने प्रतिवद्धता जनाएको लगायतका उपलब्धि भएको देखिन्छ ।

## कार्यक्रमका केही झलकहरू





## १०. युनेस्कोको अवधारणा तथा नवप्रवर्तनहरूको प्रचार प्रसार

युनेस्कोले निरन्तर उठाउने गरेका समसामयिक विषयहरू नव प्रवर्तनात्मक कार्यहरूलाई समुदायतहसम्म पुऱ्याउन युनेस्कोले निरन्तर जोड दिदैं आएको छ ।

नव प्रवर्तनात्मक कार्यहरूलाई यस आ.व. २०८१/०८२ मा आयोगको सचिवालय मार्फत प्रथम त्रैमासिकमा धनकुटा, कालिकोट, सप्तरी, दोस्रो त्रैमासिकमा पर्सा, बारा र तेह्रथुम तथा तेस्रो त्रैमासिकमा पाल्पा भोजपुरमा र चौथो त्रैमासिकमा सोलुखुम्बु र बागलुङमा युनेस्कोको अवधारणा तथा नवप्रवर्तनहरूको प्रचार प्रसार' विषयक कार्यक्रमहरू सम्पन्न भएका छन् । कार्यक्रममा २८७ जनाको सहभागिता रहेको थियो । यस कार्यक्रमबाट युनेस्को सम्बन्धी संक्षिप्त जानकारीका साथै युनेस्कोले गरेका नवप्रवर्तन जस्तै-, सबैका लागि गुणस्तरीय र समावेशी शिक्षा एवम् जीवन पर्यन्त सिकाइ - प्राविधिक तथा व्यवसायिक शिक्षा, मिडिया साक्षरता, एवम् लैङ्गिक समानता तथा सामजिक समावेशीकरण, कृतिम बुद्धिमता लगायत विज्ञान र प्रविधिको प्रभावकारी प्रयोग सम्बन्धी अन्तरक्रिया गरिएको थियो । बढदो वातावरण प्रदुषण तथा पारस्थितिक प्रणालीमा आएको ह्रासको विषयमा छलफल गरी उक्त समस्या न्यूनीकरण गर्ने उपायका साथै स्थानीय तह तथा विद्यालयहरूले यस सम्बन्धमा गरिरहेका असल अभ्यासका विषयमा पनि छलफल एवम् अन्तरक्रिया गरिएको थियो ।

मानव तथा जीवमण्डल बिचको सम्बन्धमा सुधार गर्न मानवको जीवनशैलीमा सुधार गर्ने र पारिस्थितिक प्रणालीको संरक्षण गर्न युनेस्कोले गरेका प्रयासका साथै आगामी दिनमा चालिनु पर्ने कदमहरूका बारेमा पनि छलफल गरिएको थियो । विश्वमा उर्जा तथा जल संकट भइरहेको परिप्रेक्षमा वैकल्पिक उर्जा तथा जल व्यवस्थापनका वैज्ञानिक तरिकाका विषयमा पनि सहभागीहरूलाई जानकारी गराइको थियो। विश्वमा शान्ति, मैत्री तथा भातृत्वको विकास गराउन र सबैजनालाई सँगै बाँच्न सक्ने क्षमता विकास गराउन नैतिक शिक्षाको आवश्यकतालाई हृदयंगम गरी युनेस्को सम्बद्ध संस्थाहरूले प्रचलनमा ल्याएको नैतिक शिक्षा कार्यक्रमको परिचय गर्नुका साथै नेपालमा नैतिक शिक्षाको विद्यमान अवस्था एवम् पाठ्यक्रममा नैतिक शिक्षा सम्बन्धी विषयवस्तु समावेश गर्ने विषयका साथै शिक्षण सिकाइमा नैतिक शिक्षालाई संलग्न गराउने तौर तरिकाका सम्बन्धमा पनि सरोकारवालाहरूलाई सुसूचित गराइएको थियो ।

वैश्विक स्तरका नागरिकको हैसियतले वैश्विक, क्षेत्रीय, राष्ट्रिय, र स्थानीय स्तरमा योगदान गर्न सक्ने ज्ञान र सिपयुक्त नागरिकको अधिकार र कर्तब्य प्रति सजक एवम् समसामयिक वैश्विक मुद्दा र चासोको सम्बोधन गर्ने सक्षमता सहितको नागरिक तयार गर्ने शिक्षा नै वैश्विक नागरिक शिक्षा भएको र यस शैक्षिक प्रणालीका संज्ञानात्मक,सामाजिक संवेगात्मक र व्यवहारिक आयामका विषयमा पनि सहभागीहरूलाई जानकारी गराइको थियो। यस कार्यक्रमबाट प्रभावकारी विद्यालय लगायतका विषयवस्तुहरू समेतसरोकारवालाहरूमा जानकारी प्राप्त भएको अपेक्षा गरिएको छ ।

## कार्यक्रमका केही झलकहरू






## ११. युनेस्कोका विषयहरूमा आधारित सार्वजनिक सुनुवाई तथा प्रवोधीकरण कार्यक्रम

युनेस्कोका गतिविधिमा आधारित सार्वजनिक सुनुवाई तथा प्रवोधीकरण कार्यक्रम २०८२ आषाढ ११ र १२ गते सर्लाही जिल्लाको मलंगवामा सम्पन्न भयो । आयोगका सहायक महासचिव श्री रामेश्वर प्रसाद यादवको अध्यक्षतामा सञ्चालित सो कार्यक्रममा पत्रकार, शिक्षक, विद्यार्थी, स्थानीय तहका प्रतिनिधि लगायत १२० जना सहभागी रहेका थिए । कार्यक्रममा प्रमुख अतिथिको रूपमा जिल्ला समन्वय प्रमुख कौशल सिंह रहनुभएको थियो । युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयकातर्फबाट यस आर्थिक वर्ष सर्लाही जिल्लामा सञ्चालन गरिएका कार्यक्रम सम्बन्धी पाँच वटा कार्यपत्रहरू र बाल प्रतिभा खोजी एवम् विज्ञान प्रदर्शनी मेला, प्रभावकारी अध्ययन शिक्षण तथा ध्यान विषयक तालिम, शान्तिपूर्ण र समुन्नत समाज निर्माण गर्न स्थानीय सरकार नागरिक समाज शिक्षक तथा पत्रकारको भूमिका, अन्तर्राष्ट्रिय साक्षरता दिवस तथा नैतिक शिक्षा कार्यक्रम सम्बन्धि कार्यपत्र प्रस्तुत गरिएका थिए भने सो कार्यक्रममा पत्रकार महासङ्घको तर्फबाट मोडेरेसन् र प्यानल छलफल भएको थियो । पत्रकार र सहभागीबाट उठान गरिएका करिब १०० भन्दा बढी प्रश्नको युनेस्को सचिवालयबाट सम्बोधन भएको थियो । सरोकारवाला र सार्वजनिक पदाधिकारीहरूको उपस्थितिमा छलफल तथा प्रश्नोत्तरको गरिएको सार्वजनिक सुनुवाइले नागरिकको सूचनाको हकको प्रवर्द्धन गर्नुका साथै युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको सुशासन अभिवृद्धिमा टेवा पुऱ्याएको देखिन्छ ।

## १२. नेपाल युनेस्को सङ्घ संस्था तथा क्लबहरूको राष्ट्रिय महासङ्घद्वारा सञ्चालित कार्यक्रम

युनेस्को निमित्त नेपाल राष्ट्रिय आयोगको सहयोग तथा नेपाल युनेस्को सङ्घ संस्था तथा क्लबहरूको राष्ट्रिय महासङ्घको आयोगजनामा २०८१ माघ ४ गते देखि २०८१ फाल्गुण ३ गते सम्म विभिन्न स्थानमा युनेस्कोकर्मीहरूको लागि नेतृत्व तथा क्षमता विकास तालिम अर्न्तकृया कार्यक्रमहरू सम्पन्न भयो ।

### क. गोरखा

'युनेस्को अभियन्ता नेतृत्व तथा क्षमता विकास तालिम' २०८१/१०/०४ गते गण्डकी प्रदेशको गोरखा बजारमा सम्पन्न गरिएको थियो । उक्त तालिम युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सहयोगमा नेपाल युनेस्को सङ्घ संस्था तथा क्लबहरूको राष्ट्रिय महासङ्घद्वारा आयोजना गरिएको थियो ।

### ख. तनहुँ, भानु नगरपालिका

गण्डकी प्रदेश, तनहुँ, भानु नगरपालिकाका मेयर, उपमेयर, वडा अध्यक्ष ज्युहरू, वडा सदस्य एवम् कार्यकारिणी समितिका सदस्य ज्युहरूसँग युनेस्को आयोगको सचिवालय र युनेस्को फेडेरेसनको सहभागितामा अन्तरक्रिया कार्यक्रम भानु न.पा.को सभाहलमा २०८१ माघ ५ गते सम्पन्न भयो । मेयर आनन्द राज त्रिपाठी ज्युको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रमको उद्घाटन सत्रमा गण्डकी प्रदेशको योजना आयोगका उपाध्यक्षज्यु तथा युनेस्को आयोगका सचिवालयका प्रतिनिधिको पनि विशेष उपस्थिति रह्यो । उक्त अन्तरक्रिया तथा गोष्ठीमा युनेस्को क्लबहरूको संरक्षण, विस्तार एवम् विकासका रणनीतिका बारे वहस गरिएको थियो ।

## कार्यक्रमका केही झलकहरू





### ग. बन्दिपुर, तनहुँ

बन्दिपुर युनेस्को क्लबको संयोजनमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सहयोगमा नेपाल युनेस्को सङ्घसंस्था तथा क्लबहरूको राष्ट्रिय महासङ्घको आयोजनामा २०८१ माघ ६ गते युनेस्को क्लब सङ्घ सम्बन्धी गण्डकी प्रदेशका ४१ अभियन्ताहरूको सहभागितामा १ दिने युनेस्कोकर्मी नेतृत्व तथा क्षमता विकास तालिम भव्यताका साथ सम्पन्न भयो । कार्यक्रम होटल दरवार हिमालयमा सञ्चालित थियो । राष्ट्रिय समितिका सदस्य तथा बन्दिपुर युनेस्को क्लबका अध्यक्ष श्री टीकाराम पनेरूले उक्त तालिम सञ्चालनका लागि राम्रो व्यवस्थापन गर्नुभएको थियो । अन लाइन खवर पत्रिका eBarahi.com र khabarbatika.com मा कार्यक्रमको समाचार प्रकाशन गरिएको थियो ।





### घ. ठमेल काठमाडौं

नेपाल युनेस्को महासङ्घको आयोजनामा तथा ठमेल युनेस्को क्लबको संयोजनमा एवम् युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सहयोगमा तालिमहरू सञ्चालनका क्रममा कामपाको वडा नम्बर २६ लैनचौरमा युनेस्को कर्मीहरूका निम्ति 'नेतृत्व तथा क्षमता विकास एवम् अभिमुखिकरण एक दिने तालिम' पूर्ण सफलताका साथ सम्पन्न भयो । ५२ जनाको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न चार विषयमा कार्यपत्रहरू प्रस्तुत भई टिप्पणी गर्ने कार्य भयो ।





### ङ. डोलेश्वर रिसोर्ट भिलेज, भक्तपुर

डोलेश्वर रिसोर्ट भिलेजमा युनेस्को महासङ्घको आयोजनामा बाग्मती प्रदेशका स्वास्थ्य मन्त्री माननीय किरण थापा मगरको प्रमुख आतिथ्यमा एक दिने नेतृत्व विकास तालिम सु-सम्पन्न भयो । तालिममा ७० जनाको सहभागिता रहेको थियो ।



### च. खिम्ती, रामेछाप

२०८१-११-०३ गते रामेछापको खिम्तीमा एक दिने नेतृत्व तथा क्षमता विकास तालिम सम्पन्न भयो । वाग्मती प्रदेश सदस्य माननीय आनन्द कुमार श्रेष्ठ ज्युको प्रमुख आतिथ्यमा तथा रामेछाप युनेस्को क्लबकी अध्यक्ष कल्पना खड्काको सभापतित्त्वमा उद्घाटन सत्र सम्पन्न भएको उक्त कार्यक्रमको समापन सत्रको प्रमुख अतिथिमा खिम्ती तामाकोशी गा.पा.का अध्यक्ष श्री केशव महत हुनुहुन्थ्यो । उक्त कार्यक्रममा महासङ्घका अध्यक्ष श्रीआनन्द राज त्रिपाठी तथा महासचिव युवराज न्यौपानेको पनि उपस्थिति रहेको थियो ।

## १३. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका अन्तर्गतको एसपीनेटद्वारा आयोजित कार्यक्रम

यस आयोग अन्तर्गत कृयाशील विद्यालय परियोजना सञ्जाल (एयसपीनेट) द्वारा २०८२ असार ३ देखि ५ गतेसम्म, धादिङमा प्रधानाध्यापकको नेतृत्व विकास र अभिभावक शिक्षा विषयक अन्तरक्रिया एवम् तालिम सम्पन्न गरिएको थियो । तलिममा प्रधानाध्यापकको नेतृत्वको विकास, अभिभावक शिक्षा तथा शैक्षिक सुधारमा प्रधानाध्यापक र अभिभावकको भूमिका सम्बन्धी विषयमा विज्ञहरूले सहजीकरण गर्नुभएको थियो । तालिमबाट प्रधानअध्यापकको शैक्षिक नेतृत्व सम्बन्धी क्षमता विकास हुने र अभिभावकको क्षमता विकास भई आफ्ना सन्ततिको शैक्षिक उपलब्धिमा सुधार हुनुका साथै समग्रतामा दिगो विकासको लक्ष्य नम्वर चार गुणस्तरीय शिक्षा प्राप्तिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### कार्यक्रमका केही झलकहरू





## १४. युनेस्को आयोग सम्बद्ध विषय समिति तथा विशेष समितिद्वारा सञ्चालित कार्यक्रम

युनेस्को आयोग अन्तर्गत गठित पाँचवटा विषयगत समिति र दुई वटा विशेष समितिहरूलाई आ–आफ्नो विषय क्षेत्रमा क्रियाशील बनाउन नेपाल सरकारबाट आयोगको सचिवालय मार्फत केही बजेट विनियोजन गरिएको हुन्छ । आ.व. २०८१/८२ मा यस शीर्षकमा प्राप्त कुल रू १४ लाख बजेटबाट सात समितिहरूले रू दुई दुई लाख प्राप्त गरी सोबाट विषय क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरू सम्पन्न गरेका छन् । विषय समितिका कार्यक्रमहरूलाई सम्पन्न गर्न सचिवालयबाट संयोजन तथा व्यवस्थापकीय एवम् प्राविधिक सहयोग प्रदान हुने गरेको छ । समिति र सम्पादित कार्यहरू देहायबमोजिम रहेका छन् ।

### क. विज्ञान शिक्षामा परियोजनामा आधारित सिकाइ

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग अन्तर्गतको विज्ञान समितिले २०८२ जेठ ५ र ६ गते काठमाडौंको विश्व निकेतन उच्च माध्यमिक विद्यालयमा परियोजनामा आधारित सिकाइ सम्बन्धी तालिम कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा विज्ञान विषय अध्यापन गराउने ४० जना शिक्षकको सहभागिता थियो । तालिमले विशेष गरी खोजमूलक तथा समुदायसँग सम्बन्धित विज्ञान परियोजना सञ्चालनका सम्बन्धमा सहभागीहरूको क्षमता वृद्धि हुनुका साथै स्थानीय स्तरमा सान्दर्भिक विज्ञानमा आधारित विज्ञान परियोजनामा विद्यार्थीहरुको सहभागिता अभिवृद्धि भएको अपेक्षा गरिएको छ ।

### कार्यक्रमका केही झलकहरू



## ख. नेपाली संस्कृतिः अभ्यास र अवस्था

आयोग अन्तर्गतकै संस्कृति समितिले नेपाली संस्कृतिः अभ्यास र अवस्था विषयक अन्तरक्रिया कार्यक्रम मिति २०८२ जेठ ३० र ३१ गते काठमाडौंमा सम्पन्न गरेको थियो । कार्यक्रममा ६० जना सरोकारवालाहरूको सहभागिता थियो । कार्यक्रमबाट सहभागीहरूलाई लिम्बु, धिमाल, गुरूङ, शेर्पा, सुनुवार र राई संस्कृतिहरूका बारेमा जानकारी गराउने, सम्बन्धित संस्कृतिका सबल पक्ष र दुर्वल पक्षको वारेमा विवेचना गर्ने, एक अर्काको संस्कृतिको सम्मानसहित भाइचारा अभिबृद्धि गराउनुका साथै उल्लिखित संस्कृतिको विकासमा देखिएका समस्या तथा समाधानका उपायका विषयमा सहभागी सरोकारवालाहरूलाई जानकारी प्राप्त भएको छ । यस कार्यक्रमले युनेस्कोले अभियानको रूपमा सञ्चालन गरेको, राज्यले नीतिगत निर्णयका साथसाथै प्राथमिकतामा राखेको दिगो विकासका लक्ष्यहरू प्राप्तिमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

### कार्यक्रमका केही झलकहरू




## ग. शान्तिपूर्ण र समुन्नत समाज निर्माण गर्न स्थानीय सरकार नागरिक समाज शिक्षक तथा पत्रकारको भूमिका

